# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पातिचौर, पर्वत

पत्र संख्या :- २०८२/०८३
चलानी नं :-

सूचना नं.: ११७
गण्डकी प्रदेश, नेपाल

**फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव आह्वानको सूचना !**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२८**

यस गाउँपालिकाको विभिन्न वडा तथा सार्वजनिक स्थलहरुको फोहोर संकलन, ढुवानी तथा व्यवस्थापन गर्नुपर्ने भएकोले मोदी गाउँपालिका वडा नं. ६ दराक स्थित श्री रापते सार्कीको नाती, वेदे सार्कीको छोरा श्री धन बहादुर सार्कीको नाममा रहेको साविक पर्वत जिल्ला तिलाहार गा.वि.स वडा नं. ८ कित्ता नं. २१४५ को ७-१५-०-१ क्षेत्रफलको जग्गा छनौट गरिएकोले यस गाउँपालिका गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम इच्छुक, व्यक्ती तथा व्यवसायिक फर्मले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित (व्यवसायिक फर्मको हकमा दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि) तपसिलका शर्त अनुसार फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रस्ताव पेश गर्नुहुन इच्छुक सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| क्र.सं. | कार्यविवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | यस गाउँपालिकाको वडा नं. २, ५ र ६ का बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैला संकलन, ढुवानी र व्यवस्थापन | रु १०००।- | |

शर्तहरुः

क. प्रस्तावमा दररेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

ख. रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखि पेश गरेको प्रस्तावलाई मान्यता दिइने छैन।

ग. प्रस्तापत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहने छ।

घ. प्रथम पटक प्रकाशित सूचनाको मितिले ७ दिन भित्र कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुपर्ने र ७ औं दिनको कार्यालय समय पश्चात रितपुर्वक दर्ता हुन आएका प्रस्तावपत्र प्रतिनिधिहरुको रोहवरमा (प्रतिनिधि उपस्थित नभएको अवस्थामा पनी) यसै कार्यालयमा खोलिने छ ।

ङ. सूचनामा उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।

च. दरभाउपत्र दस्तुर रु १००० यस कार्यालयको आन्तरिक राजश्व खातामा तिरेको सक्कल रसिद दरखास्त साथ पेश गर्नुपर्नेछ ।

छ. यस सम्बन्धी थप जानकारी मोदी गाउँपालिका कार्यालयबाट वा सम्पर्क नम्बर ९८५७६६६१११ मा सम्पर्क गरि प्राप्त गर्न सकिने छ ।

२०८३/०१/२८
बलराम पुरी
प्रमुख प्रशासकीय अधिकृत